# लोक सेवा आयोग

**सूचना तथा प्रकाशन शाखा**
**कमलपोखरी, काठमाडौं**

**सूचना नं : ११२१/०८१-८२** **मितिः २०८१/१२/१४**

## निजामती सेवा पत्रिकाका लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना

लोक सेवा आयोगले प्रकाशन गर्ने निजामती सेवा पत्रिकाको **वर्ष ४६, अङ्क १** (२०८२ असार अङ्क) प्रकाशन हुन गइरहेको हुँदा उक्त अङ्कमा लेख रचना समावेश गर्न ईच्छुक विद्वान् लेखक महानुभावहरुबाट **२०८२ साल बैसाख मसान्त**भित्र आयोगमा प्राप्त हुने गरी लेख/रचना आह्वान गरिएको छ।प्रकाशनका लागि पठाइने लेखहरु आयोगबाट स्वीकृत **निजामती सेवा पत्रिका प्रकाशन सम्बन्धी कार्यविधि, २०८१** बमोजिम छनौट गरिने हुँदा लेखकहरुले यसै सूचनासाथ संलग्न लेख रचना छनौट तथा प्रकाशन सम्बन्धी कार्यविधिको अध्ययन गरी सोही बमोजिम हुने गरी तोकिएको ढाँचामा लेख रचना पठाउनुहुन समेत अनुरोध गरिन्छ।

लेख रचनाका साथ लेखकले आफ्नो संक्षिप्त वायोडाटा (नामथर/इमेल/मोबाइल नं./ हाल कार्यरत वा संलग्न संस्था/निकाय, सेवा निवृत्त भए निवृत्त हुँदाको, पद शैक्षिक योग्यता तथा आफ्नो अनुभवको विषय/क्षेत्र छुट्टै पानामा उल्लेख गरी पठाउन समेत अनुरोध गरिन्छ। लेख रचनाहरु आयोगको इमेल ठेगाना Info@psc.gov.np मार्फत् पनि पठाउन सकिनेछ। यस सम्बन्धमा विस्तृत जानकारी आवश्यक भएमा आयोगको सूचना तथा प्रकाशन शाखाबाट प्राप्त गर्न सकिने व्यहोरा समेत सूचित गरिएको छ ।

**पुनश्चः** *उल्लेखित विवरण अनुसारको अङ्ग पूरा नगरी प्राप्त हुने लेखहरु प्रकाशन गर्न सम्पादक मण्डल बाध्य हुने छैन। साथै, आफ्ना लेखहरुको शुद्धाशुद्धी परीक्षण गरी बुझिने गरी पठाउनु हुन समेत अनुरोध छ ।*

**लोक सेवा आयोग**
**(सूचना तथा प्रकाशन शाखा)**
केन्द्रीय कार्यालय, कमलपोखरी,
काठमाडौं ।

<u>**निजामती सेवा पत्रिका प्रकाशन सम्बन्धी कार्यविधि, २०८१ मा भएका मुख्य-मुख्य प्रावधानहरु**</u>

दफा ४. **प्रकाशकीय तथा सम्पादकीय नीतिः** पत्रिकाको प्रकाशकीय तथा सम्पादकीय नीति देहायबमोजिम हुनेछः

(क) पत्रिकामा दफा ५ मा उल्लेख भएबमोजिमको विषयक्षेत्रका लेख/रचना समावेश गरिनेछ।

(ख) अनुसन्धानमूलक, तथ्यपरक, सैद्धान्तिक अवधारणामूलक एवम् मौलिक लेख/रचना तथा कृति समीक्षालाई प्राथमिकता दिइनेछ।

(ग) लेखकबाट प्राप्त भएको लेखको पाण्डुलिपी तथा लेखकको परिचय लगायतका विषय पत्रिका प्रकाशन पूर्व सम्पादन मण्डल तथा पत्रिका प्रकाशनका क्रममा खटिने कर्मचारी बाहेक गोप्य रहनेछ। अस्वीकृत लेख/रचना तथा लेखकको परिचय सार्वजनिक गरिने छैन।

(घ) प्रकाशनका लागि लेख/रचना स्वीकृत या अस्वीकृत गर्ने अधिकार सम्पादन मण्डलमा रहनेछ। अस्वीकृत भएका लेखका लेखकलाई सोको जानकारी गराइनेछ।

(ङ) सम्पादन मण्डलबाट स्वीकृत सबै लेख एकै अङ्क वा पछिल्लो अङ्कमा क्रमशः प्रकाशन गर्न सकिनेछ।

(च) प्रकाशनका लागि छनौट हुने सबै लेखको समकक्षी समीक्षा (Peer Review) गरिनेछ।

(छ) प्रकाशनमा औपचारिक भाषाशैली प्रयोग गरिनेछ। कुनै व्यक्ति वा समुदाय वा सम्प्रदाय विशेषको प्रतिष्ठामा आँच पुग्ने गरी लेखिएका लेख/रचना समावेश गरिने छैन।

(ज) कुनै राजनैतिक विचारप्रति प्रत्यक्ष झुकाव राखे लेख/रचना प्रकाशनमा समावेश गरिने छैन।

(झ) अन्यत्र प्रकाशन भइसकेको लेख/रचना स्वीकार गरिने छैन।

(ञ) अन्यत्र प्रकाशित लेख रचनाको कुनै अंश वा खण्ड हुबहु नक्कल गरेको लेख/रचना समावेश गरिने छैन। तर त्यस्ता लेख रचनाको कुनै अंश वा खण्ड लेख/रचनामा समावेश गर्दा तोकिएको ढाँचामा अनिवार्य रुपमा स्रोत खुलाइएको लेख/रचना प्रकाशित गर्न बाधा पर्ने छैन।

(ट) प्राप्त लेख/रचनाको बौद्धिक चोरी परीक्षण (Plagiarism Test) गरिनेछ। यस्तो परीक्षणमा असफल लेख/रचनालाई समावेश गरिने छैन।

(ठ) संयुक्त रूपमा लेखिएका लेख रचनामा मूल लेखक तथा सहलेखकको परिचय तथा आबद्धता स्पष्ट रूपमा खुलाउनुपर्नेछ।

(ड) प्रचलित नेपाल कानुन, सरकारका घोषित नीति तथा कार्यक्रम प्रतिकूलका लेख/रचना पत्रिकामा समावेश गरिने छैन। तर उल्लिखित विषयमा अनुसन्धानमूलक, तथ्यपरक र आलोचनात्मक दृष्टिले लेखिएका लेख/रचना समावेश गर्न बाधा पुग्ने छैन।

(ढ) प्रकाशित हुने लेख/रचनाको प्रतिलिपि अधिकार प्रचलित कानुनबमोजिम आयोगसँग रहनेछ।

(ण) प्रकाशित लेख/रचनामा व्यक्त धारणा सम्बन्धित लेखकको निजी धारणा हुनेछ। यसप्रति प्रकाशक तथा सम्पादन मण्डल जवाफदेही हुने छैन।

दफा ५. **<u>प्राथमिकताको विषयक्षेत्र:</u>** (१) पत्रिकामा प्रकाशन हुने लेख रचनाका प्राथमिकताको विषयक्षेत्र देहायबमोजिम हुनेछः

(क) सार्वजनिक प्रशासन तथा सार्वजनिक व्यवस्थापन,

(ख) सार्वजनिक नीति तथा विकास नीति,

(ग) विकास प्रशासन तथा व्यवस्थापन,

(घ) आर्थिक तथा सामाजिक विकास,

(ङ) शासन प्रणाली,

(च) शासकीय सुधार,

(छ) सुशासन,

(ज) सार्वजनिक सेवा प्रवाह.

(झ) सार्वजनिक प्रशासनमा सदाचार, शिष्टाचार र सकारात्मक सोच,

(ञ) संवैधानिक व्यवस्था, समसामयिक अन्य विषयहरु।

(२) उपदफा (१) मा उल्लेख भएका विषयका अतिरिक्त पत्रिका प्रकाशनपूर्व सम्पादन मण्डलले विषय क्षेत्र थप गर्न सक्नेछ।

दफा ६. **<u>लेख रचनाको ढाँचा:</u>** (१) पत्रिकामा प्रकाशन गरिने लेख रचनाको ढाँचा देहायबमोजिम हुनेछः

**<u>विचारमूलक लेख/रचनाको ढाँचा</u>**

(क) शीर्षक (Heading),

(ख) लेखसार (Abstract) (१५० शब्दसम्म),

(ग) मुख्य शब्दावली (Keywords) (५ शब्दसम्म),

(घ) पृष्ठभूमि (Background),

(ङ) विश्लेषणात्मक प्रस्तुति (Analysis),

(च) निष्कर्ष (Conclusion),

(छ) सन्दर्भ सामग्री (References)।

**<u>अनुसन्धानमूलक/तथ्यमूलक लेख/रचनाको ढाँचा</u>**

(क) शीर्षक (Heading),

(ख) लेखसार (Abstract) (१५० शब्दसम्म),

(ग) मुख्य शब्दावली (Keywords) (५ शब्दसम्म),

(घ) पृष्ठभूमि (Background),

(ङ) अध्ययनको उद्देश्य (Objective of the Study)

(च) सम्बन्धित साहित्यको पुनरावलोकन (Literature Review)

(छ) अध्ययन विधि (Methodology)

(ज) तथ्याङ्क प्रस्तुति र विश्लेषण (Data Presentation and Analysis),

(झ) प्राप्ति र विश्लेषण (Result and Discussion)

(ञ) निष्कर्ष (Conclusion),

(ट) कृतज्ञता (Acknowledgment),

(ठ) सन्दर्भ सामग्री (References)।

(२) पत्रिकामा समावेश गरिने लेख/रचना तीन हजार देखि पाँच हजार शब्दसम्म (सन्दर्भ सामग्री बाहेक) हुनुपर्नेछ।

(३) पत्रिकामा समावेश गरिने कृति समीक्षा एक हजार देखि दुई हजार शब्दसम्म हुनुपर्नेछ।

(४) पत्रिकामा समावेश लेख रचनाको पृष्ठ नमुना (Page Setup Template) अनुसूची-१ मा तोकिएको ढाँचाबमोजिम हुनेछ।

दफा ८. **समकक्षी समीक्षा (Peer Review) सम्बन्धी व्यवस्थाः** (१) सम्पादन मण्डलले पत्रिकामा प्रकाशनका लागि छनौट भएका सबै लेख/रचना समकक्षी समीक्षकद्वारा समीक्षा (Peer Review) गराउनेछ।

(२) समकक्षी समीक्षक (Peer Reviewer) को शैक्षिक योग्यता तथा अनुभव देहायबमोजिम हुनुपर्नेछः

(क) सम्बन्धित विषयमा स्नातकोत्तर वा सोभन्दा माथिल्लो शैक्षिक योग्यता उपाधी प्राप्त गरेको,

(ख) सार्वजनिक प्रशासन, सार्वजनिक नीतिसम्बन्धी पत्रिकाको सम्पादक वा समकक्षी समीक्षक (Peer Reviewer) का रूपमा काम गरेको वा लेख रचनासँग सम्बन्धित विषयका विश्वविद्यालयका प्राध्यापक सह/उपप्राध्यापकका रूपमा अध्यापनरत वा सेवा निवृत्त भएको वा लेख/रचनासँग सम्बन्धित विषयमा अनुभव हासिल गरेको वा सार्वजनिक प्रशासनको क्षेत्रमा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा कम्तीमा पाँच वर्षको अनुभव सहित सम्बन्धित विषयमा विज्ञता भएको।

(३) समकक्षी समीक्षक (Peer Reviewer) ले देहाय बमोजिमका विषयलाई आधार मानी लेख रचनाको समीक्षा गर्नुपर्नेछः

(क) सूचनामा उल्लेख भए बमोजिमको विषय क्षेत्र,

(ख) सम्बन्धित सामग्रीको प्रयोग,

(ग) उपयुक्त विधिको चयन

(घ) विषयवस्तुको प्रस्तुतीकरण र शैली, (भाषा/शैली)

(ङ) विषयवस्तुको तथ्यगत शुद्धता,

(च) विषयवस्तुको विश्लेषण तथा शीर्षकसँगको तादात्म्यता आदि।

(४) समकक्षी समीक्षक (Peer Reviewer) ले लेख/रचना अनुसूची-२ बमोजिमको ढाँचामा समकक्षी समीक्षा (Peer Review) सम्पादन मण्डललाई उपलब्ध गराउनुपर्नेछ। यसरी प्राप्त प्रतिक्रिया तथा पृष्ठपोषण सम्पादन मण्डलले आवश्यकता बमोजिम सम्बन्धित लेखकलाई उपलब्ध गराउनेछ।

(५) समकक्षी समीक्षा (Peer Review) को लागि लेख/रचना पठाउँदा (लेखकको परिचय गोप्य राखिनेछ।

दफा ९. **लेखकले पालना गर्नुपर्ने विषयः** पत्रिकामा लेख/रचना पठाउने लेखकले देहायबमोजिमका विषय पालना गर्नुपर्नेछः

(क) लेख/रचना दफा ४ बमोजिमको प्रकाशकीय तथा सम्पादकीय नीति अनुकुल हुनुपर्नेछ।

(ख) लेख/रचना दफा ५ मा निर्धारित विषयक्षेत्रभित्रको हुनुपर्नेछ।

(ग) लेख/रचना दफा ६ मा तोकिएको ढाँचामा तयार गरी पठाउनु पर्नेछ।

(घ) नेपाली भाषाका लेख रचनाका लेखकले लेख शीर्षक (Heading), तथा शब्दकुञ्जी (Keywords) अङ्ग्रेजी भाषामा समेत अनुवाद गरी पठाउनुपर्नेछ।

(ङ) भाषिक तथा व्याकरणीय शुद्धता कायम भएको हुनुपर्नेछ।

(च) अंग्रेजी भाषामा लेखिएका लेखहरुमा अमेरिकन वा ब्रिटिश (American or British) मध्ये कुनै एक शैली अपनाउनुपर्नेछ।

(छ) लेख/रचनामा प्रस्तुत गरिएका चित्र, टेबल, तालिका आदि सम्पादन (Edit) गर्न सकिने हुनुपर्नेछ।

(ज) लेखक तथा सहलेखकको नाम, ठेगाना, मोबाइल नम्बर, इमेल, आवद्ध संस्था भएमा नाम र पद खुलाउनुपर्नेछ।

(झ) कुनै संस्था वा व्यक्तिको कुनै प्रकारको सहयोग (आर्थिक, प्राविधिक वा अन्य) बाट अनुसन्धान कार्य गरेको भए सहयोगकर्ता वा दातालाई लेखको अन्त्यमा कृतज्ञता ज्ञापन गरेको हुनुपर्नेछ।

(ञ) समकक्षी समीक्षक (Peer Reviewer) ले सम्पादन मण्डलमार्फत दिइएको प्रतिक्रिया तथा पृष्ठपोषणलाई लेखकले सम्बोधन गर्नुपर्नेछ।

(ट) पत्रिकामा प्रकाशनका लागि पठाइने लेख रचनामा सन्दर्भ सामग्रीका रूपमा उल्लेख गरिएका कृतिको तत्काल प्रचलित एपीए ढाँचा (APA 7th Edition) मा उल्लेख गर्नुपर्नेछ।

(ठ) लेख/रचना नेपाली भाषामा भए युनिकोड (१२) तथा अङ्ग्रेजी भाषामा भए Times New Roman फन्ट (१०) मा हुनुपर्नेछ तथा पृष्ठको सबैतर्फ १ (एक) इन्च मार्जिन छोडेको हुनुपर्नेछ।

दफा १०. **सूचना प्रकाशन गर्नेः** (१) पत्रिकाको प्रत्येक अङ्कका लागि लेख/रचना पठाउन मिति तथा प्रक्रिया उल्लेख गरी आयोगले वेवसाइटमा सूचना प्रकाशन गर्नेछ।

(२) निर्धारित समयभित्र तथा तोकिएको ढाँचामा प्राप्त नभएको लेख/रचना प्रकाशन गर्न सम्पादन मण्डल बाध्य हुने छैन।

दफा ११. **लेख/रचना छनौट प्रक्रियाः** पत्रिकाका लागि प्राप्त हुने लेख/रचना प्रकाशनका लागि छनौट गर्दा अनुसूची-३ बमोजिमको प्रक्रिया अपनाइनेछ।

# अनुसूची-१

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

**(पहिलो पृष्ठ -लेखका लागि नेपाली माध्यमको)**

निजामती सेवा पत्रिका अङ्क . ........-......पृ ...वर्ष (साल)..........महिना .............
लोक सेवा आयोग .....
www.psc.gov.np/nijamatisewapatrika
ISSN: 2091-0533

## लेख शीर्षक

**लेखकको नाम"**

**लेखसार**

**शब्दकुञ्जी:**

---

- कार्यरत भए, पदः
- आवद्ध संस्थाको नामः
- इमेल ठेगानाः

**(पहिलो पृष्ठ -अंग्रेजी माध्यमको लेखक लागि)**

Nijamati Sewa Patrika Volume …….Issue……., ……month, ……..(Year), P…. -…….
©….. Public Service Commission
http://psc.gov.np/10.3126/ nijamatisewapatrika.v...i..................
www.psc.gov.np/nijamatisewapatrika
ISSN-2091-0533

## Title of the Article

**Name of Author"**

**Abstract**

**Keywords:**

---

- Designation(If Currently Affiliated with any institution):
- Name of Affiliated Organization:
- Email Address:

(दोस्रो पृष्ठ)

लेखकको अन्तिम नामप्रकाशन वर्ष ,पहिलो नाम ,

2

(तेस्रो पृष्ठ)

निजामती सेवा पत्रिका ,(साल) .... महिना........ ,....पूर्णाङ्क ...अङ्क ,वर्ष ,....पृ.... ,.....

३

फन्ट सम्बन्धी जानकारी

- फन्ट : युनिकोड (नेपाली भाषाका लागि)/Times New Roman (अंग्रेजी भाषाका लागि)
- फन्ट साइज
  - शीर्षक : १८
  - लेखकको नाम : १२
  - उपशीर्षकहरु (लेखसार, पृष्ठभूमि लगायत): १२
  - लेख भित्रका विषयवस्तु: १०.५
  - Line Spacing: 1

# अनुसूची-३

(दफा ११ सँग सम्बन्धित)

<u>लेख/रचना छनौट प्रक्रिया</u>

